भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. (पशु सेवा)/०७७।७८
च.नं.: १५०५

## साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०१/२४

आ.व.२०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरु लागत साझेदारीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम कार्य सञ्चालन प्रक्रिया-२०७७ बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक सहकारी सस्था/कृषक समूह/समितिहरुले यो दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ७ औ दिनसम्म कार्यालय समयभित्र निवेदन दर्ता गर्नु हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.स. | कार्यक्रम | संख्या | पालिकाबाट व्यहोरिने साझेदारी रकम रु | कृषक सहभागिता (२०%) | न्युनतम शर्तहरु |
|---|---|---|---|---|---|
| १ | लागत साझदारीमा भेडा संरक्षण कार्यक्रम | १ | १०००००० (दश लाख रुपैयाँ) | २००००० (दुई लाख) | प्रति कृषक कम्तिमा ५० माउ भेडा पालेको हुनु पर्ने |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:-

१) रु १० को टिकट टाँस गरी अनुसुची-३ बमोजिमको निवेदन।

२) विस्तृत कार्ययोजना अनुसुची-२ बमोजिम।

३) सम्बन्धित निकायमा कृषक समूह/समिति/कृषि सहकारी संस्थाको दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी।

४) सहकारी संस्थाको हकमा कृषि/पशुपालन/दूग्ध व्यवसाय सञ्चालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपी ।

५))कृषक समूह/समिति/सहकारी संस्था PAN/VAT दर्ता भए प्रमाणपत्रको प्रतिलिपी।

६) कार्यक्रम उपलब्ध गराउन उपयुक्त हुने ब्यहोरा उल्लेख गरिएको वडा कार्यालयको सिफारिस पत्र ।

७) कृषक समूह/समिति/सहकारी संस्थाको साझेदारी कार्यक्रम संचालन गर्ने सम्बन्धी बैठक बसेको निर्णयको प्रतिलिपी ।

८) कृषक समूह/समिति/सहकारी संस्थाका सदस्यहरुको नामावली नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी सहित ।

९) कार्यक्रम संचालन हुने स्थान र जग्गा/जमिनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएको कम्तिमा ५ बर्षको सम्झौता करारनामाको प्रतिलिपी ।

१०) यस सम्बन्धी आन्तिम निर्णय गर्ने अधिकार भूमे गाउँपालिका कार्यालयमा सुरक्षित हुनेछ ।

११) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन नियम अनुसार लागू हुने छ ।

**नोटः** निवेदन र संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन प्रक्रिया यस गाउपालिकाको Website www.bhumemun.gov.np र पशु सेवा केन्द्र तथा वडा कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

..................

**(चन्द्रसिंह श्रेष्ठ)**

**प्रमुख प्रशासकीय अधिकृत**